# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपाल र नेपालका लागि अमेरिकी राजदुत Alaina B. Teplitz बीच भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपालसँग नेपालका लागि अमेरिकी राजदुत Alaina B. Teplitz ले वैशाख ११ गते उहाँको कार्यकक्षमा शिष्टाचार भेटवार्ता गर्नु भयो ।



भेटवार्ताका अवसरमा राजदुत Teplitz ले नेपालमा लगानी गरिरहेका अमेरिकी लगानीकर्ताहरुले भोगिरहेका समस्याका बारेमा जानकारी गराउनुभयो । सो अवसरमा उहाँले नेपालको वित्तीय क्षेत्रको आधुनिकीकरण तथा वित्तीय स्थायित्वमा नेपाल राष्ट्र बैंकले खेलेको भूमिकाको सह्राना गर्दै इ-कमर्सलाई प्रवर्द्धन गर्न आग्रह गर्नुभयो । साथै, सहकारीहरुको नियमन तथा सुपरिवेक्षण र छाँया बैंकिङ्गलाई नियन्त्रण गर्ने सम्बन्धमा केन्द्रीय बैंकको धारणाका बारेमा जिज्ञासा समेत राख्नुभयो ।

भेटवार्ताका क्रममा गभर्नर डा. नेपालले नेपालको वित्तीय क्षेत्रको सुधारका सम्बन्धमा नेपाल राष्ट्र बैंकले गरेका प्रयासहरु तथा भावि योजनाका बारेमा जानकारी गराउनुभयो । सो क्रममा उहाँले वैदेशिक लगानीलाई प्रोत्साहन गर्न नेपाल राष्ट्र बैंकले लागू गरेका नीतिगत व्यवस्थाहरुका बारेमा जानकारी गराउँदै अमेरिकी नागरिक तथा संस्थाहरुलाई नेपालमा लगानी गर्ने सम्बन्धमा समन्वयकारी भूमिका निर्वाह गर्न राजदुत Teplitz लाई आग्रह गर्नुभयो । कानूनी रुपमा आर्जित लगानीलाई प्रोत्साहन गर्न नेपाल राष्ट्र बैंक सदैव तयार रहेको तथा सो सम्बन्धमा केही कठिनाईहरु भएमा आपसी छलफलका आधारमा सुल्झाउन सकिने समेत उहाँले बताउनुभयो ।

उक्त भेटघाट कार्यक्रममा राजदुत Teplitz का साथ अमेरिकी दुतावासका Economic and Commercial Officer Kevin C. Price को पनि उपस्थिति रहेको थियो ।

२०७५ वैशाख ११, मंगलबार

गभर्नरको कार्यालय